वैठक संख्या: ११

आज मिति २०७५।०३।०४ गते सोमवार विहान ८:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुबेदीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरुको उपस्थितिमा वैठक वस्यो ।

तपशिल

क.सं.	नाम थर	पद	हस्ताक्षर
१	श्री ज्ञानेन्द्र सुबेदी	प्रमुख	
२	श्री ढाका कुमारी पराजुली	उपप्रमुख	
३	श्री चक्र बहादुर खुलाल	सदस्य	
४	श्री घनश्याम गौतम	सदस्य	
५	श्री योगेन्द्र प्रसाद सुबेदी	सदस्य	
६	श्री रामकुमार राई	सदस्य	
७	श्री विश्वबन्धु बस्नेत	सदस्य	
८	श्री उदय बहादुर राई	सदस्य	
९	श्री चेत बहादुर बस्नेत	सदस्य	
१०	श्री धनपति गौतम	सदस्य	
११	श्री नगेन्द्र खड्का	सदस्य	
१२	श्री गंगा बहादुर याख्खा	सदस्य	
१३	श्री यम बहादुर पोखेल	सदस्य	
१४	श्री खिना माया थापा	सदस्य	
१५	श्री गिता शिवा	सदस्य	
१६	श्री बिन्दुकला गुरुङ्ग	सदस्य	
१७	श्री सुनीता चौधरी	सदस्य	
१८	श्री सुजान राजवंशी	सदस्य	
१९	श्री गिता गिरी	सदस्य	
२०	श्री शिवनाथ धिमाल	सदस्य	
२१	श्री धन बहादुर शिवा	सदस्य	
२२	श्री गणेश प्रसाद दाहाल	सचिव	
	अन्य कर्मचारीहरु		
१	महेन्द्र खड्का	शाखा अधिकृत (सातौं)	
२	टेकनाथ रेग्मी	लेखा अधिकृत	
३	झमक भट्राई	कार्यक्रम अधिकृत	
४	दिनेश खड्का	कार्यक्रम संयोजक	
५	बलराम गौतम	लेखापाल	
६	सन्तोष विश्वकर्मा	हे.अ.	

प्रस्तावहरु

१. चालु आ.व. २०७४/०७५ को संशोधित तथा आगामी आ.व.२०७५/०७६ प्रस्तावित बजेट, नीति तथा कार्यक्रम
२. आर्थिक विधेयक, २०७५ र विनियोजन विधेयक, २०७५
३. सम्पत्तिकर व्यवस्थापन कार्यविधि, २०७५
४. नगरसभाको कार्यसूचि
५. बेलबारी नगरपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७५
६. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ बमोजिम न्यूनतम दररेट निर्धारण समिति गठन
७. लोगो छनौट तथा सिफारिस समिति
८. शैक्षिक व्यवस्थापन कार्यविधि, २०७४ को संशोधन
९. सामाजिक परिचालकको सेवा
१०. कम्प्यूटर अपरेटर र कार्यालय सहयोगी सम्बन्धमा ।
११. पदाधिकारी सुविधा
१२. कर्मचारी वैठक भत्ता
१३. तबल स्केल
१४. विविध

निर्णयहरु

निर्णय नं. १: बजेट तथा कार्यक्रम तर्जुमा समितिको मिति २०७५।०३।०३ गतेको वैठकबाट सिफारिस भएनुसार चालु आ.व.०७४/७५ को लागि प्रस्तावित कुल आय रु.६६ करोड ४ लाख ८२ हजार २ सय २८ रुपैया ९२ पैसा मध्ये आन्तरिक श्रोत तर्फ रु. ६ करोड ५१ लाख ९९ हजार ९ सय ५४ रुपैया ९९ पैसा र बाह्य श्रोत तर्फ ५९ करोड ५२ लाख ८२ हजार २ सय २८ रुपैया ९२ पैसा रहेकोमा आन्तरिक आय रु. ५ करोड ३ लाख ७१ हजार ७ सय २४ रुपैया संशोधित हुने अनुमान र बाह्य स्रोत तर्फ रु. ६१ करोड २१ लाख १६ हजार ३ सय ११ रुपैया प्राप्त हुने संशोधित अनुमान गरिएको छ । यसैगरी आगामी आ.व. २०७५/०७६ को प्रस्तावित आय रु. ८० करोड २ लाख १४ हजार अनुमान बमोजिमको वार्षिक बजेट, नीति तथा कार्यक्रमको संलग्न सूचिको विस्तृत विवरण नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २: आगामी आ.व. २०७४/०७५ को प्रस्तावित बजेट, नीति तथा कार्यक्रमको कार्यान्वयनको लागि संलग्न विनियोजन ऐन, २०७४ लाई संशोधिन गर्न बनेको विधेयक, २०७५ र आर्थिक वर्ष २०७५/०७६ को वार्षिक बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनको लागि आर्थिक विधेयक, २०७५ र विनियोजन विधेयक, २०७५ नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३: नगरपालिकाको आन्तरिक आय सुदृढिकरणको सन्दर्भमा राजस्व संकलन र व्यवस्थापनको लागि सम्पत्तिकर व्यवस्थापन कार्यविधि, २०७५ स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

निर्णय नं. ४: बेलबारी नगरपालिकाको दोश्रो नगरसभा संचालनको लागि तपशिल बमोजिमको नगरसभा कार्यसूचि अनुसूचि १ स्वीकृत गर्ने निर्णय गरियो ।

अनुसुची - १

(कार्यविधिको दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

बेलबारी नगरपालिका

नगर सभा

<u>कार्यसूची र समयतालिका</u>

बैठक संख्या:२

बैठक स्थानः नगरसभा हल

अध्यक्षताः नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदी

मिति २०७५।०३।०७

१	बैठक बस्ने समय	कार्यसुची	कार्यसुची प्रस्तुतकर्ता	कैफियत
२	विहान १०:३० देखि ११:०० बजे सम्म	सभासदस्यहरुको नाम दर्ता	सचिवबाट	
३	विहान ११:०० बजे	सभा अध्यक्षको आगमन राष्टिय धुन		
४	विहान ११:०५ बजे	सहिदहरूप्रति श्रद्धा ब्यक्त गर्दै १ मिनेट मौन धारणका लागि आग्रह	सभा अध्यक्ष	
५	विहान ११:१५ बजे	नगरसभाको कार्य प्रारम्भ भएको घोषणा	सभा अध्यक्ष	
६	विहान ११:२० बजे १२:२० सम्म	चालु आ.व.२०७४।०७५ को संशोधित बजेट तथा कार्यक्रम, आ.व. २०७५।०७६ बार्षिक बजेट नीति तथा कार्यक्रम, बिनियोजन बिद्धयेक, २०७५, आर्थिक बिद्धयेक, २०७५ प्रशासकिय कार्यविधि (नियमित गर्ने) विधेयक २०७५ सभामा प्रस्तुतका लागि सभासदस्य श्री ढाका कुमारी पराजुली समय उपलब्ध गराउने ।	सभासदस्य श्री ढाका कुमारी पराजुली	
७	दिउसो १२:२० बजे देखि १:५० सम्म	अब १:३० सम्मको लागि सभा स्थगन जानकारी गराउदछु ।	सभाध्यक्षज्यूबाट	
८	दिउसो १:५० बजे	बैठक पुन आरम्भ	सभाध्यक्षज्यूबाट	
९	दिउसो १:५० बजे देखि २:०० बजे सम्म	आ.व.२०७४।०७५ को संशोधित बजेट तथा कार्यक्रम र २०७५।०७६ को बजेट, नीति तथा कार्यक्रम, बिनियोजन बिद्धयेक, २०७५ आर्थिक बिद्धयेक २०७५ र प्रशासकिय कार्यविधि (नियमित गर्ने) विधेयक २०७५ माथि बोल्न चाहाने सभासदस्यहरूले १० मिनेट भित्र नाम	सभाध्यक्षज्यूबाट	

		टिपाउन सभासदस्यहरूलाई समय उपलब्ध गराउने ।		
१०	दिउसो २:०० बजे देखि २:३० बजे सम्म	छलफल प्रारम्भ (बजेट, नीति तथा कार्यक्रममाथि बोल्न चाहने सदस्यहरूलाई समय उपलब्ध गराउने)	सभाध्यक्षज्यूबाट	
११	दिउसो २:३० बजे देखि ३:०० बजेसम्म	छलफल उठेका विषयहरू उपर जवाफ दिनको लागि समय उपलब्ध गराउने	सभासदस्य श्री ढाका कुमारी पराजुली	
१२	दिउसो ३:०० बजे देखि ३:०५ बजेसम्म	आ.व.२०७४।०७५ को संशोधित बजेट तथा कार्यक्रम र आ.व.२०७५।०७६ वार्षिक बजेट, नीति तथा कार्यक्रम, बिनियोजन बिद्धयेक, २०७५, आर्थिक बिद्धयेक २०७५ र प्रशासकिय कार्यविधि(नियमित गर्ने) विधेयक, २०७५ निर्णयका लागि सभामा प्रस्तुत	सभाध्यक्षज्यूबाट	
१३	दिउसो ३:०५ बजे देखि ३:१० बजेसम्म	आ.व.२०७४।०७५ को संशोधित बजेट तथा कार्यक्रम र आ.व.२०७५।०७६ को वार्षिक बजेट, नीति तथा कार्यक्रम, बिनियोजन बिद्धयेक, २०७५, आर्थिक बिद्धयेक २०७५ र प्रशासकिय कार्यविधि(नियमित गर्ने) विधेयक, २०७५ ध्वनी मतका आधारमा .... भएको घोषणा	सभाध्यक्षज्यूबाट	
१४	दिउसो ३:१० बजे देखि ३:३० बजेसम्म	विशेष प्रस्ताव पेश गर्ने		
१५	दिउसो ३:३० बजे देखि ३:४० बजेसम्म	विशेष प्रस्तावहरू निर्णयका लागि सभामा पेश गर्ने र ध्वनी मतका द्धारा पारित गर्ने	सभाध्यक्षज्यूबाट	
१६	दिउसो ३:४० बजे	सभाका सभाध्यक्षज्यूबाट धन्यवाद सहित मिति..... गते सम्मको लागि वैठक स्थगन भएको घोषणा गर्ने	सभाध्यक्षज्यूबाट	

निर्णय नं. ५: विधेयक समितिको मिति २०७५।२।२२ गतेको वैठकबाट सिफारिस भए अनुसार बेलबारी नगरपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७५ नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ बमोजिम बेलबारी नगरस्तरिय न्यूनतम दररेट निर्धारण समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

१. नगरप्रमुख	अध्यक्ष
२. उपप्रमुख	सदस्य
३. पुर्वाधार विकास समितिको संयोजक	सदस्य
४. नगर कार्यपालिकाका वडाध्यक्षहरु मध्येबाट प्रमुखले तोकेको २ जना वडाध्यक्षहरु	सदस्य
५. स्थानीय उद्योग वाणिज्य संघको अध्यक्ष	सदस्य
६. नगरभित्र रहेका निर्माण व्यवसायीहरु मध्येबाट अध्यक्षले तोकेको १ जना	सदस्य
७. प्रमुख प्रशासकिय अधिकृत	सदस्य
८. पुश र कृषि विकास उपशाखा प्रमुखहरु २ जना	सदस्य
९. सहरी पूर्वाधार विकास शाखा प्रमुख	सदस्य सचिव

निर्णय नं. ७: स्थानीय सरकारको प्रतिक स्वरुप बेलबारी नगरकार्यपालिका पदाधिकारी, सदस्य तथा नगरसभा सदस्यहरुको लागि प्रतिकको चिन्ह डिजाईन सिफारिस गर्नको लागि तपशिल बमोजिमको सदस्य रहने गरी समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

१. संयोजक: श्री घनश्याम गौतम

२. सदस्य: श्री विश्वबन्धु बस्नेत

३. सदस्य: श्री सुनिता चौधरी

निर्णय नं. ८: बेलबारी नगरपालिकाको शैक्षिक व्यवस्थापन कार्यविधि, २०७४ को केही दफा तथा उपदफामा भएको व्यवस्थामा देहायनुसार संशोधन गर्ने निर्णय गरियो ।

क.सं.	भएको व्यवस्था	संशोधन गरिएको व्यवस्था
१.	दफा १९ मा संशोधन "उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्राविधिक शिक्षा प्रदान गर्ने बाहेक अन्य विद्यालयको कक्षा ११ र १२ कक्षा थप र विषय थप गर्ने अनुमती सम्बन्धित मन्त्रालयबाट स्वीकृत मापदण्डका आधारमा नगरपालिकाले दिनेछ"	दफा १९ मा संशोधन "उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्राविधिक शिक्षा प्रदान गर्ने र अन्य विद्यालयको कक्षा ११ र १२ कक्षा थप र विषय थप गर्ने अनुमती सम्बन्धित मन्त्रालयबाट स्वीकृत मापदण्डका आधारमा शिक्षा समितिको सिफारिसमा नगरकार्यपालिकाले दिनेछ।"
२.	दफा ३८ को उपदफा (२) खण्ड (ड) " प्रमाण पत्र तथा लब्धाङ्क पत्र तयार गरी संयोजक र सदस्य सचिवले प्रमाणित गरी सम्वन्धित विद्यालय मार्फत विद्यार्थीलाई उपलब्ध गराउने ।"	दफा ३८ को उपदफा (२) खण्ड (ड) " प्रमाण पत्र तथा लब्धाङ्क पत्र तयार गरी संयोजक,सदस्य सचिव र सम्बन्धित विद्यालयको प्र.अ.ले प्रमाणित गरी सम्वन्धित विद्यालय मार्फत विद्यार्थीलाई उपलब्ध गराउने ।"

निर्णय नं. ९: यस कार्यालयमा कार्यरत तपशिल बमोजिमका कार्यक्रम संयोजक र सामाजिक परिचालकहरुलाई नगर कार्यपालिकाको स्वीकृत सहायक कम्प्यूटर अपरेटरको दरबन्दी अनुसारको पदमा निजहरुको दक्षता र योग्यता पुगे भएमा २०७५ श्रावण महिना देखि सहायक कम्प्यूटर अपरेटरको पदमा सेवा नबिकरण गर्ने निर्णय गरियो ।

१. कार्यक्रम संयोजक: श्री दिनेश खड्का (स.क.अ.)

२. सामाजिक परिचालक: श्री खगेन्द्र गौतम (स.क.अ.)

३. सामाजिक परिचालक: श्री राधेश्याम शाह (स.क.अ.)

४. सामाजिक परिचालक: श्री केशव ढकाल (स.क.अ.)

५. सामाजिक परिचालक: श्री सुरेश कार्की (स.क.अ.)

निर्णय नं. १०: नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा स्वंयसेवकको रुपमा कार्यरत तपशिल बमोजिमका सहायक कम्प्यूटर अपरेटरको स्वीकृत दरबन्दी अनुसारको पदमा निजहरुको योग्यता र क्षमताको आधारमा २०७५ अषाढ १ गते देखि सहायक कम्प्यूटर अपरेटर र कार्यालय सहयोगी पदमा सेवा करारमा नियूक्ति दिने निर्णय गरियो ।

तपशिल

१. ८ नं. वडा कार्यालय: श्री लक्ष्मी फुदुङ्ग स.क.अ.

२. ९ नं. वडा कार्यालय: श्री दिल कुमार राजवंशी स.क.अ. र कार्यालय सहायक: श्री गंगामाया धिमाल

३. १० नं. वडा कार्यालय: श्री रोशना भटराई स.क.अ.

४. ११ नं. वडा कार्यालय: श्री जिवन राई स.क.अ.

५. श्री यसोदा दुलाल स.क.अ.

निर्णय नं. ११: नगर कार्यपालिकाका पदाधिकारी, सदस्य र नगरसभा सदस्यहरुको मासिक सेवा सुविधा सम्बन्धमा तपशिल बमोजिम हुने निर्णय गरियो ।

तपशिल

(क) मासिक सुविधा

सि.नं.	सुविधाको विवरण	इकाई	प्रमुख	उपप्रमुख	वडाअध्यक्ष	का.पा.सदस्य	वडा सदस्य
१	टेलिफोन, मोवाइल सुविधा	रु.	२५००	२५००	२०००	१०००	१०००
२	खाजा सुविधा	रु.	४०००	३०००	३०००	०	०
३	पत्रपत्रिका इन्टरनेट	रु.	३०००	३०००	२०००	१५००	१०००
४	पानी विजुली	रु.	२०००	२०००	१०००	१०००	०
५	सरसफाई मर्मत	रु.	२०००	२०००	१०००	१०००	०
६	अतिथि सत्कार	रु.	२०००	२०००	१०००	०	०

सि.नं.	सुविधाको विवरण	इकाई	प्रमुख	उपप्रमुख	वडाअध्यक्ष	का.पा.सदस्य	वडा सदस्य
७	यातायात	रु.	०	०	०	२०००	१०००
८	अनुगमन	रु.	७५००	६०००	२०००	०	१५००
	जम्मा		२३०००	२०५००	१२०००	६५००	४५००
९	अतिरिक्त थप सुविधा	रु	२२०००	१४५००	१३०००	५५००	२५००
	कुल जम्मा		४५०००	३५०००	२५०००	१२०००	७०००

(ख) नगर कार्यपालिका वैठक भत्ता

सि.नं.	सुविधाको विवरण	इकाई	प्रमुख	उपप्रमुख	वडाअध्यक्ष	का.पा.सदस्य	वडा सदस्य
१	वैठक भत्ता (प्रति वैठक)	रु.	२५००	२२००	२०००	२०००	१०००

(ग) नगरसभा वैठक भत्ता

सि.नं.	सुविधाको विवरण	इकाई	अध्यक्ष	उपाध्यक्ष	सदस्य
१	वैठक भत्ता (प्रति वैठक)	रु.	१५००	१२००	१०००

(घ) न्यायिक समितिको वैठक भत्ता

सि.नं.	सुविधाको विवरण	इकाई	संयोजक	सदस्य
१	वैठक भत्ता (प्रति वैठक)	रु.	१४००	१२००

(ङ) उपरोक्त बुदाँ नं. (ख) (ग) र (घ) मा तोकिएको वैठक देखि बाहेकका अन्य वैठकहरुमा नगर प्रमुखले अध्यक्षता गर्ने वैठकमा रु. १५०० (एक हजार पाँच सय) र अन्य पदाधिकारीले अध्यक्षता गर्ने वैठकमा रु. १००० (एक हजार) का दरले वैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १२: नगरसभा तथा नगरकार्यपालिकाको वैठक लगायत विभिन्न समिति तथा उपसमितिहरुको वैठक संचालनमा प्रमुख प्रशासकिय अधिकृत लगायत आवश्यक कर्मचारीको भत्ता तपशिल बमोजिम हुने निर्णय गरियो ।

तपशिल

(क) प्रमुख प्रशासकिय अधिकृतको प्रति वैठक रु. २२०० (दुई हजार दुई सय मात्र)

(ख) अधिकृत कर्मचारीको प्रति वैठक रु. २००० (दुई हजार मात्र)

(ग) वडा सचिव र सहायकस्तको कर्मचारीको प्रति वैठक रु. १००० (एक हजार मात्र)

(घ) कार्यालय सहयोगीको प्रति वैठक रु. ७०० (सात सय मात्र)

निर्णय नं. १३: नगर कार्यपालिकाको कार्यालय तथा वडा समितिको कार्यालयमा कार्यरत करार र अस्थायी कर्मचारीहरुको आगामी आ.व.२०७५/०७६ देखि करारनामा नवीकरण गरी नेपाल सरकारले तोकेको न्यूनतम तलबमान अनुसारको तलब उपलब्ध गराउने निर्णय गरियो ।

विविध निर्णयहरु

निर्णय नं. १४: नगरसभामा बार्षिक बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यको लागि प्रस्तुतकर्तालाई रु. १०,००० (अक्षेररुपी दश हजार) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १५: यहि २०७५।०३।०७ गते बेलबारी नगरपालिकाको नगरसभा अधिवेशन हुने हुदाँ उक्त दिन नगर कार्यपालिकाको कार्यालय तथा सबै वडा समितिको कार्यालयहरुबाट सेवा प्रवाह दिन १ (एक) नगर्ने निर्णय गरियो ।

निर्णय नं. १६: शिक्षा समितिको मिति २०७५।३।३ गतेको निर्णयनुसार सिफारिस भएको शैक्षिक विकासको क्षेत्रमा तपशिल बमोजिमको निर्णय गरियो ।

१.जनता मा.वि. बेलबारी -९ को कक्षा - ११ को प्राविधिक धार तर्फ इलेक्ट्रीकल इन्जिनियरिङ को लागि भौतिक पूर्वाधार पूरा भएको र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ज (३) अनुसार इलेक्ट्रीकल इन्जिनियरिङ तर्फ कक्षा ११ को सञ्चालन अनुमती दिने ।

२ धनपालि मा.वि. बेलबारी ५ को भौतिक पूर्वाधार पूरा भएको हुँदा व्यवस्थापन समूहको ऐच्छिक विषयहरु अर्थशास्त्र, व्यवसायिक अध्ययन, लेखा र बजार शास्त्र अध्ययन गर्न पाउने गरी कक्षा १२ को सञ्चालन अनुमती दिने ।

३.शिक्षा सन्देश ई. स्कुल बेलबारी २ को व्यवस्थापन समूहको कक्षा ११ को थप ऐच्छिक विषयहरु १. कम्प्युटर साइन्स २.होटल व्यवस्थापन ३. पर्यटन विषयको अध्यापन गराउन पाउने गरी सञ्चालन अनुमती दिने ।

निर्णय नं. १७: बेलबारी बहुमुखी क्याम्पसको भवन निर्माणको लागि तयार भएको लगत ईष्टिमेट रु. ९,९७,४२,५७०.३६ भ्याट र कन्टिजेन्सी सहित स्वीकृत गरी ठेक्का प्रक्रियामा लैजाने निर्णय गरियो ।

निर्णय नं. १८: बेलबारी नगरपालिकामा कार्यरत कार्यालय सहयोगी श्री कर्ण बहादुर राईले हासम्म नगरपालिकालाई पुर्‍याउनु भएको सेवाको कदर गर्दै एकमुष्ठ रु. ७५०००।०० (अक्षेररुपी पचहत्तर हजार) सुविधा दिई वि.सं. २०७५ श्रावण १ गते देखि विदा गर्ने निर्णय गरियो ।

निर्णय नं. १९: चालु आ.व.को स्वीकृत निम्न बमोजिमका कार्यक्रमहरुको नाम र बजेट संशोधन गरी मिलान गर्ने तथा बजेट तथा कार्यक्रम ५.८ सामाजिक बिकास सि.न. १७४ सगँ सम्वन्धित तपसिल अनुसारको कार्यक्रमहरु संचालन गर्न स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

क्र.सं.	यो.सि.नं.	स्वीकृत योजनाको नाम	स्वीकृत बजेट	संशोधित योजनाको नाम	प्रस्तावित बजेट	वडा नं.	कैफियत
१	सि.नं.५ पूर्वाधार विकास वडा तर्फ	डेन निर्माण दुर्गा मन्दिर सडक	२५००००	डेन निर्माण गुम्बाटोल, सुर्यमार्ग	७५००००	१	तिनवटा योजनालाई

क्र.सं.	यो.सि.नं.	स्वीकृत योजनाको नाम	स्वीकृत बजेट	संशोधित योजनाको नाम	प्रस्तावित बजेट	वडा नं.	कैफियत
	सि.नं. १२८ नगरस्तरिय वडा तर्फको	नगरस्तरिय वडा तर्फका डेन निर्माण	२५००००				एक बनाएको
	सि.नं. १ वन वातावरण तथा जोखिम व्यवस्थापन	डुवान निकास व्यवस्थापन	२५००००				
२	सि.नं. २८ वातावरण तथा जोखिम व्यवस्थापन	लोहान्द्रा नदी नियन्त्रण कार्यक्रम	१५०००००	खोरिया टोल तटबन्ध योजना	५०००००	३	एक योजनालाई दुई बनाएको
				मबेशी हाट पश्चिम लोहान्द्रा खोला तटबन्ध	१००००००		
३	सि.नं ११३ वडा तर्फ	मन्दिर घेराबारा तथा संरक्षण ठाकुरमहाराजाथान जुराहा	१०००००	पोखरी निर्माण	१०००००	११	
४	सि.नं १४५ नगरस्तरिय भौतिक पूर्वाधार	लोकमार्ग सडक अधिकार क्षेत्र व्यवस्थापन	२००००००		९०००००		१४९ सांस्कृतिक संग्रालय भवन निर्माणको रकम थप गरिएको
५	सि.नं५.३(क्र.सं.३१५५१)	भैपरी आउने पुजीगत	३५०००००	ट्राफिक प्रहरी पोष्ट ग्राउण्ड फिलिङ	४०००००	१	
६	सि.नं ९४ वडा तर्फ	ह्युम पाइप र विधुत पोल खरिद	३०००००	ह्युम पाइप र विधुत पोल खरिद	५०००००		क्र.सं. ९५ लागत साझेदारी वडा तर्फको ६२९००० बाट २००००० कट्टा गरिएको
७	सि.नं ३१ वातावरण तथा जोखिम व्यवस्थापन	पर्यटन पूर्वाधार र सिमसार संरक्षण विकास	१००००००	बासुकी वाटर रिचार्ज पोण्डमा आर.सि.सि. वाल निर्माण	५०००००	२	
८	सि.नं १४५ नगरस्तरिय भौतिक पूर्वाधार	लोकमार्ग सडक अधिकार क्षेत्र व्यवस्थापन	२००००००	शिसौली खोलामा बेलीबृज निर्माण	५०००००		१४५ बाट बेलीबृजको लागि रू.५००००० रकमान्तर गरिएको
	१२८ नगरस्तरिय वडा तर्फका भौतिक पूर्वाधार वडा नं. १	स्तर उन्नती भएका सडकमा ड्रेन निमाण	२५०००००	शिसौली खोलामा बेलीबृज निर्माण	२५००००	१	
९	१५३ नगर स्तरिय भौतिक पूर्वाधार	पुजीगत तर्फका विभिन्न कार्यक्रम	६०४०९५०	फलामे पुल निर्माण	१५००००	४	

क्र.सं.	को.सि.नं.	स्वीकृत योजनाको नाम	स्वीकृत बजेट	संशोधित योजनाको नाम	प्रस्तावित बजेट	वडा नं.	कैफियत
१०	सि.नं १५१ नगर स्तरिय भौतिक पूर्वाधार	साप्ताहिक हाट बजार व्यवस्थापन	१६०००००	विभिन्न वडामा वाडफाड	६०००००	१	
					२०००००	२	
					१०००००	५	
					२०००००	७	
					३०००००	९	
					२०००००	१०	
११	सि.नं. २८ वातावरण तथा जोखिम व्यवस्थाप	लोहान्द्रा नदी नियन्त्रण कार्यक्रम	२००००००	लोहान्द्रा खोला तटबन्ध भेडाटोल	१००००००	१	

चालु आ.व.को स्वीकृत बजेट तथा कार्यक्रम ५.८ सामाजिक बिकास सि.न. १७४ सगं सम्वन्धित कार्यक्रम तर्फसिल अनुसारका कार्यक्रमहरु संचालनार्थ स्वीकृतिका लागि पेश गर्दछु ।

क) गरिव तथा बिपन्न परिवारलाई बैकल्पिक उर्जा (सौर्य बत्ति बितरण)	रु २००००।००
ख) वडा नं १० को आदीवासी सभाहल सौचालय निर्माण	रु १००००।००
ग) महिला तथा युवा लक्षित सचेतना कार्यक्रम	रु १००००।००
घ) वडा स्तरिय सचेतना कार्यक्रम सबै वडाहरु	रु १५००००।००
ङ) पुर्वाधार बिकास नेपाल मगर संघ बेलवारी नगर समिति	रु १००००।००
च) पुर्वाधार बिकास नेपाल तामाङ् घेदुङ्ग संघको बेलवारी नगर समिति	रु १००००।००
छ) पुर्वाधार बिकास किरात याक्खा छुम्मा नगर समिति बेलवारी	रु १००००।००
ज) पुर्वाधार बिकास नेवा देय दबु नगर समिति बेलवारी	रु १००००।००
झ) पुर्वाधार बिकास धिमाल जाति बिकास केन्द्र नगर समिति बेलवारी	रु १००००।००
ञ) पुर्वाधार बिकास किरात राई यायोक्खा नगर समिति बेलवारी	रु १००००।००
ट) जातीय मातृ संस्थाहरुलाई सचेतना कार्यक्रम	रु २००००।००
ठ) पुस्तकालय स्थापना	रु. १५००००।००
	जम्मा रु १५००००००।००

निर्णय नं. २०: बेलबारी नगरपालिकाको नव निर्मित कार्यालय भवनमा आवश्यक पर्ने विद्युत सप्लाईको लागि ११ के.भि.लाईन निर्माण गरी ट्रान्सफर्मर जडान गर्न आवश्यक भएकोले नेपाल विद्युत प्राधिकरण बेलबारी वितरण केन्द्रबाट जडान कार्यको लागत ईस्टिमेट अनुसार गर्ने निर्णय गरियो ।